# जिल्ला प्रशासन कार्यालय, गुल्मी

## सेवाप्रवाहको वस्तुस्थिति सार्वजनिकिकरण

मिति : २०७६ श्रावण १९ गते

**<u>पृष्ठभूमी :</u>**

शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै लैजानु आजको आवश्यकता हो । संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जनविश्वास अभिवृद्धी गर्नु प्रशासकीय सुशासनको मूल मर्म हो । यही मर्म र भावनालाई आत्मसाथ गर्दै गुल्मी प्रशासन कार्यालयले आ.व. ०७५/०७६ मा आफ्ना प्रशासनीक गतिविधि संचालन गर्यो । आ.व. को शुरुमा वार्षिक कार्ययोजना बनाउँदा यस जिल्लाको वस्तुगत स्थिति र जनभावना, गृह मन्त्रालयबाट जारी भएको गृह प्रशासन सुधार योजनाको ८४ बुँदे मार्ग चित्र एवं गृह सचिव र प्रजिअबीच भएको कार्य सम्पादन करार सम्झौतालाई मुख्य मार्गदर्शक सिद्धान्तको रुपमा ग्रहण गरियो ।

काम कारवाहीलाई व्यवस्थित तथा सुधार गर्न विगतका प्रयासलाई आँकलन गरी कमी कमजोरीको पहिचान गर्नु जरुरी भएकोले हामीले वार्षिक कार्ययोजना बनाउँदा विगतका कमीकमजोरीको समीक्षा गर्यौं । विगतमा प्रतिदिन औषतमा गरिने १०० युनिट कार्य उसै दिन सम्पन्न नभई १५/२० जना सेवाग्राही सदरमुकाममा बस्नु परेको, सहायता कक्षको व्यवस्था नहुँदा विचौलियाहरुले चर्को मूल्य लिई निवेदन लेख्ने गरेको, रु १० हुलाक टिकटलाई रु १५/२० रुपैयामा किन्ने गरेको, बेजिल्लाबाट अभिलेख झिकाउँदा बाहिरी बजारबाट रु १००० देखी १५०० सम्म लिने गरेको, राहदानीको फाराम तथा MRP फोटोको ६००/७०० सम्म लिने गरेको, दुरदराजको ठूलो संख्याको नागरिकले नागरिकताको प्रमाणपत्र प्राप्त नगरेका, कार्यालयमा सेवाग्राही मैत्री वातावरणको अभाव जस्ता विषयवस्तुहरु तत्काल सुधारको कार्ययोजनामा समेटिनुपर्ने देखि यी विषयवस्तुलाई समेत सुक्ष्म हिसाबले विश्लेषण गरी कार्यहरुलाई <u>शान्ति सुरक्षा र सुव्यवस्था</u>, <u>सुशासन र सेवाप्रवाह</u>, <u>सामाजिक सुधार र रुपान्तरण</u>, <u>विपद् व्यवस्थापन</u>, <u>समन्वय र सहजिकरण</u> र <u>सदाचार र आर्थिक अनुशासन</u> गरी मुख्य ६ शीर्षकमा विभाजन गरी कार्ययोजना निर्माण गरी कार्यान्वयनमा लगिएको । अत: सम्पादन गरिएका कामका मुख्य ८० वटा कार्यहरुलाई विभिन्न ६ शीर्षकमा विभाजन गरी बुँदागत हिसाबले प्रस्तुत गर्ने जमर्को गरिएको छ साथै सेवाप्रवाहको तथ्याङ्कीय विवरण परिशिष्टमा समावेश गरिएको छ ।

## क. <u>शान्ति सुरक्षा र सुव्यवस्था</u>

१. Crime Map सहितको एकीकृत जिल्ला सुरक्षा योजना निर्माण गरी कार्यान्वयनमा लगिएको ।

२. सुरक्षासँग सम्बन्धित २८ वटा बैठक बसी सुरक्षा संवेदनशीलताको विश्लेषण गरी रणनीतिक योजनासाथ जनताको जीउज्यानको सुरक्षाको लागि कृयाशिल रहेको ।

३. विप्लव समूहका गतिविधिहरुलाई नियन्त्रणमा लिइएको ।

४. चन्दा असुली डर, त्रास, धम्कीको वातावरणलाई सुक्ष्म निगरानीमा राखी निरुत्साहीत गरिएको ।

५. मदीराजन्य पदार्थको सेवनबाट शान्ति सुरक्षामा पुग्न गएको खलबललाई मध्यनजर गर्दै जनतालाई सुरक्षाको प्रत्याभुती दिलाउन गस्ति पट्रोलिङ्गलाई नियमित र कृयाशिल तुल्याईएको ।

६. ट्राफिक तथा नेपाल प्रहरीबाट ट्राफिक सचेतना कार्यक्रम संचालन र नियमित चेकजाँच गरी नियम उल्लङ्घनलाई कारवाही गरिएको <u>(६३८८ बाट ३९ लाख ४२ हजार जरिवाना) ।</u>

७. शान्ति सुरक्षा र अपराध नियन्त्रणको विषयमा नागरिक समाज र स्थानीय तहसँग बैठक,छलफल र संवादको माध्यमबाट समन्वय र सहकार्य गरिएको ।

८. नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा ११/११ जनाको QRT/IRT को व्यवस्था गरी आवश्यकतानुसार स्वःस्फूर्त परिचालन हुने व्यवस्था मिलाइएको ।

९. आवश्यकताको पहिचान सहित थप सुरक्षा प्रहरी इकाई स्थापनाको लागि सिफारिस गरिएको ।

१०. छिमेकी जिल्ला अर्घाखाँची र प्यूठानसंग संयुक्त सुरक्षा बैठक बसी रणनैतिक योजना तयार गरिएको ।

११. केन्द्र र प्रदेशस्तरीय ३ वटा संयुक्त सुरक्षा बैठकमा सहभागी भई सुरक्षाको अवस्था स्थितिको जानकारी एवं अनुशिक्षण लिइएको ।

१२. शान्ति सुरक्षाको विषयमा तालुक निकायसँग प्रत्यक्ष जवाफदेहीता वहन गर्न जिल्ला प्रहरी कार्यालयमा Video Conference को व्यवस्था गरीएको ।

१३. शान्ति सुरक्षा र अपराध नियन्त्रणको लागि बजारका मुख्य मुख्य स्थानमा CCTV जडान गरीएको र संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने सिलशिलामा सदरमुकामस्थित विभिन्न वैंक तथा वित्तिय संस्थाको सहकार्यमा थप CCTV जडान गर्ने कार्य अगाडि बढाईएको ।

१४. समग्रमा आम नागरिक र समुदायमा शान्ति सुरक्षा र सुव्यस्थाको अनुभूती पलाएको ।

१५. प्रजिअबाट जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय, प्रहरी चौकी र कारागार कार्यालयहरुको नियमित अनुगमन र निर्देशनको माध्यमबाट शान्ति सुरक्षा र सुव्यवस्थालाई थप प्रभावकारी र व्यवस्थित तुल्याइएको ।

## ख. <u>सुशासन र सेवा प्रवाह</u>

१. सुशासन र सेवा प्रवाह सम्बन्धमा कार्ययोजना बनाई कार्यान्वयनमा लगिएको ।

२. गृह सचिव र प्रजिअबीच ०७५ साल माघ १ गतेदेखि लागु हुनेगरी कार्य सम्पादन करार सम्झौता गरिएको । सम्झौतामा उल्लेखित १०० वटा महत्वपूर्ण कृयाकलापहरुमा ९९ प्रतिशत प्रगति हासिल गरिएको ।

३. कार्यालयमा कार्यरत कर्मचारीहरुलाई स्पष्ट कार्यविवरण सहित जिम्मेवारी दिनुको साथै ड्रेस , परिचय पत्र , कोठा नं., नेम प्लेट अनिवार्य गराई सेवामा पारदर्शीता र जवाफदेहीता कायम गरिएको ।

४. सरकारी निकायबाट सम्पादन हुने विकास निर्माण लगायत विभिन्न कार्यमा अनुगमन, निरीक्षण र निर्देशनको कार्यलाई निरन्तरता दिईएको ।

५. सहायता कक्षको माध्यमबाट ७३५९ जना सेवाग्राहीलाई सेवामा सहजीकरण गरिएको ।

६. कार्यालयमा बिचौलियाहरुको प्रवेशलाई पूर्ण निषेध गरिएको ।

७. म्यानुअल तथा डिजीटल नागरिक वडापत्रको व्यवस्था गरी राष्ट्रसेवक कर्मचारीहरुलाई पारदर्शीतामा जवाफदेही बनाइएको ।

८. टेलिफोन , उजुरी पेटीका , निवेदन , गुनासो सुन्ने अधिकारी र प्रजिअसंग प्रत्यक्ष भेटघाटको माध्यमबाट सेवाग्राहीको गुनासोलाई तत्कालै सम्बोधन गर्ने परीपाटी मिलाईएको ।

९. सेवाग्राहीलाई कार्यालय परिसरमा निशुल्क वाईफाईको तथा शुद्ध पिउने पानीको व्यवस्था मिलाइएको ।

१०. अन्यन्त्र जिल्लाबाट अभिलेख लिई सम्पादन गर्नुपर्ने कार्यका लागि कार्यालय मा छुट्टै फ्याक्स मेशिन र टेलिफोनको व्यवस्था गरी कार्य सम्पादन गर्ने गरिएको ।

११. सेवाग्राहीको लागि विश्रामस्थल , महिला , पुरुष र अपाङ्गमैत्री शौचालय को साथै कार्यालयको प्राङ्गणमा प्रतिक्षालयको व्यवस्था गरिएको ।

१२. कार्यालयको गतिविधि तथा सूचनाहरुलाई सामाजिक सञ्जाल र वेभसाईट मार्फत नियमित / दैनिक रुपमा प्रशारण गरिएको ।

१३. सूचनाको हक सम्बन्धी ऐन अनुसार प्रत्येक ३/३ महिनाको सम्पादित प्रमुख कृयाकलापहरुको विवरण प्रकाशन गर्ने गरिएको ।

१४. दुरदराजका गाउँवस्ती समेटिने गरी ७ वटा एकीकृत घुम्ति सेवा संचालन र सार्वजनिक सुनुवाई गरिएको उक्त सेवाबाट विपन्न तथा पहुँच देखि बाहिर रहेका करिब २४०० नागरिकले नागरिकता प्राप्त गरेको ।

१६. अनुगमन, निरीक्षण तथा सेवाप्रवाहलाई व्यवस्थित गर्न कार्यालय परिसरमा CC Camara जडान गरीएको ।

१७. २०७६ श्रावण १ गतेबाट कार्य प्रारम्भ हुने गरी राष्ट्रिय परिचयपत्र सम्बन्धी आधारशिला खडा गरिएको

१८. सेवाग्राहीको सन्तुष्टी मापन गर्ने सर्भे गराईएको र उक्त सर्भेबाट नागरिकले प्राप्त गर्ने सेवाको स्तर प्रभावकारी र सन्तोषजनक रहेको प्रतिवेदन प्राप्त भएको ।

१९. कम्प्युटरकृत अभिलेखीकरणको माध्यमबाट संघ संस्था दर्ता र नविकरणको कार्यलाई थप व्यवस्थित बनाईएको ।

२०. हातहतियार सम्बन्धी अभिलेखलाई व्यवस्थित बनाइनुका साथै अवैध रुपमा राखिएका हातहतियारलाई कानूनी दायरामा ल्याइएको र ड्रोन संचालन सम्बन्धी अनुमतीलाई अनिवार्य बनाइएको ।

## ग. सामाजिक सुधार र रुपान्तरण

१. लागूऔषध निषेध र मदिरा सेवन नियन्त्रण कार्ययोजना २०७५ बमोजिम जिल्लास्तरीय कार्ययोजना तयार गरी कार्यान्वयनमा लगिएको ।

२. मदिराजन्य पदार्थ लाई निरुत्साहित गर्न स्थानीय तहको सरकारसँग संजालीकरण गरिएको । मदिराको उत्पादन तथा विक्री वितरणबाट जीविकोपार्जन गरेका परिवारहरुलाई मदिरा बाहेकका विकल्पमा पेशा व्यवसाय गर्नका लागि उत्प्रेरणा हुने खालका कार्यक्रम संचालन गर्न स्थानीय तहसँग समन्वय र सहजिकरण गरिएको (घरेलु अवैध मदिरा करिब ३५ हजार लिटर र ६० क्वीटल गाँजा नष्ट) ।

३. प्रत्येक स्थानीयतहमा लागूऔषध विरुद्धको सचेतना तथा जागरण अभियान संचालन गरिएको ।

४. जिल्लाको सामाजिक, आर्थिक विकासको अवस्था स्थितिको प्रोफाइल तयारका लागि त्रिभुवन विश्व विद्यालयका स्नातकोत्तर तहका सोधकर्तालाई विभिन्न १२ विधामा अध्ययन अनुसन्धान गराइएको ।

५. सुरक्षा निकायहरुबाट लागू औषध, मदिरा सेवन, विपद् व्यवस्थापन, घरेलु हिंसा र साइबर अपराध सम्बन्धी गोष्ठी, सेमिनार र सचेतनामूलक कार्यक्रमहरु विद्यालय र समुदायस्तरसम्म पुर्याइएको ।

६. समुदाय प्रहरी साझेदारी कार्यक्रम : जिल्ला , पालिका, वडा र विद्यालय तहसम्म संयन्त्र निर्माण गरि सामाजिक रुपान्तरणको लागि गतिविधि संचालन गरिएको ।

७. उपभोक्ताहरुको हित संरक्षणका लागि वाणिज्य , आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग , उपभोक्ता संरक्षण मञ्च, उद्योग वाणिज्य संघ र आम उपभोक्ताहरु बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको

८. सामाजिक समस्याको रुपमा रहेको पारिवारिक वैमनष्यता र बेमेलका विषयसंग सम्बन्धित करिब ४० जोडिहरुलाई मेलमिलाप र सहजिकरण गरिएको ।

९. जेष्ठ नागरिक,अपाङ्ग, महिला तथा बालबालिकाका विषयहरुलाई सामाजिक समस्याको रुपमा लिई सुक्ष्म एवं गम्भिर तवरले सम्बोधन गर्ने गरिएको ।

१०. सामाजिक सहिष्णुता र नैतिक धरातलको स्खलनलाई प्रशासनीक तवरबाट अनुशासित र मर्यादित तुल्याउन सार्वजनिक उपद्रयाँई सम्बन्धी २७ जना कसुरदारहरुलाई कानूनी दायरामा ल्याइएको ।

११. मदाने गाउँपालिका स्थित २५/३० विपन्न र दलित घरपरिवारमा १ जना व्यक्तिले चर्को चक्रिय व्याजमा ऋण प्रवाह गरी ३ जना परिवारको घरबास समेत उठिबास लगाएकोमा निजलाई सम्पर्कमा राखी ३ महिनाको अवधिमा निजको मन्जुरीमा अवस्था हेरी ऋण र व्याज मिनाह तथा ३ जना व्यक्तिको जग्गा फिर्ता समेत गराई २५ घर परिवारलाई उद्धार गरिनुका साथै सामाजिक सद्भाकव र मेलमिलाप कायम गरिएको ।

१२. कारागार कार्यालय गुल्मीको पुरानो जिर्ण अवस्थामा रहेको कैदीबन्दी गृह तथा सुरक्षा पोष्टको मर्मत सुधार र रंगरोगन गरिनुका साथै कैदीबन्दीहरुलाई सकारात्मक सोंचको विकास गराउन एवं बन्दी जीवन पश्चात सामाजिकीकरण गराउने उद्देश्यले सिप मूलक तालिम, योगा तथा प्रशिक्षण गराइएको ।

१३. समाजमा व्याप्त अविश्वास , आर्थिक अपचलन , आर्थिक समाजिक बेइमानी , लेनदेनमा ठगी जस्ता दर्जनौ समस्यालाई पीडित र पीडक पक्षको उपस्थितिमा सहजीकरण र मेलमिलाप गराइएको ।

## घ. विपद् व्यवस्थापन सम्बन्धी

१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरी स्थानीय तह सम्म पुर्याइएको ।

२ जुनसुकै समयमा पनि विपद् उद्धार गर्नुपर्ने संभावना भएकाले नेपाली सेना वीरभद्रजंग गुल्म धागिथुममा Night Landing Capacity सहितको हेलिप्याडको व्यवस्था गरिएको ।

३ जिल्ला प्रशासन कार्यालयमा जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC) स्थापना गरिएको । सो केन्द्रमा फोकल पर्सन (9857088833) र विपद् सामाग्रीहरु Power Chain Saw 22", Rescue Rope (Dynamic), Fireball, Fire blanket, Tube, Ladder, Stretcher, Safety Belt, Focus Light, Pix axe, Shovel, Gloves, Helmet, Hammer, लत्ता कपडा जस्ता सामग्रीहरुको व्यवस्था गरी न्यूनतम साधनस्रोतयुक्त बनाइएको ।

४ आवश्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने गरेको । विपद्बाट पीडित ६१ परिवारलाई राहत रकम रु. ४ लाख २७ हजार ५ सय र मृतक ५ जनालाई जनही रु १ लाखका दरले क्षतीपूर्ति दिइएको । मृतकको हकमा प्रदेश सरकारबाट समेत थप १/१ लाख राहत दिइएको ।

५ सुरक्षा निकायबाट सबै स्थानीय तह समेटिने गरी उपलब्ध Equipment सहितको QRT/IRT को परिचालन योजना तयार गरीएको ।

६ विपद् व्यवस्थापनको लागि उपलब्ध साधन स्रोत सहित चारवटै सुरक्षा निकायहरु तयारी हालतमा राखिएको ।

७ हुनसक्ने सम्भावित विपद्को पूर्व सूचनाका लागि जिल्लाका विभिन्न ६ स्थान (रिडी ,रुद्रवेणी, चोरकाटे , मजुवा, इन्द्रेगौडा र वामी) मा पूर्व सूचना केन्द्र (Early Warning System) स्थापना गरिएको

८ जिल्लाका १२ वटै स्थानीय तहहरुमा विपद् व्यवस्थापन समिति र कोषको व्यवस्था गरिएको ।

९ नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालबाट समुदाय र विद्यालयस्तरसम्म विपद् व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिएको ।

१० २०७५ श्रावण महिनामा रिडीबजारमा गएको पहिरोबाट एक जना बालकको मृत्यु र ३ घर पूर्णरुपमा क्षती भएकोमा स्थानीय सरकार , निर्माण कम्पनी र प्रशासन कार्यालयको रोहबरमा पीडित पक्षलाई राहत तथा पुनर्वासको व्यवस्था मिलाइएको ।

११ मुसिकोट नगरपालिकाको वडागाउँमा २०७६ बैशाखमा भएको झाडापखलाबाट उत्पन्न विपद्लाई सरोकारवालाहरुसँगको समन्वयमा समयमै सम्बोधन गरी थप संक्रमक हुनबाट बचाइएको ।

**ङ. समन्वय र सहजीकरण**

१ उपभोक्ताहरुको हक हित संरक्षणका लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, उपभोक्ता संरक्षण मञ्च, उद्योग वाणिज्य संघ र आम उपभोक्ताहरु बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

२ जिल्लास्तरमा संचालन हुने विविध कार्यक्रममा केन्द्रीय सरकारको प्रतिनिधिको रुपमा स्थानीय र प्रदेश तहको समन्वय र सहकार्यको लागि पैरवी गरेको ।

३ व्यापार सहजीकरण सम्बन्धमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग वाणिज्य संघ, जिल्लास्थित सरकारी कार्यालय र विभिन्न सरोकार संस्थाबीच अन्तरक्रिया गरिएको र बजार अनुगमनलाई आवश्यकतानुसार नियमित गराईएको ।

४ जिल्ला स्थित आयोजनाहरुको कार्यान्वयनमा देखा पर्ने स्थानीय समस्याहरुको समाधान का लागि प्रजिअबाट आवश्यकतानुसार पहल र सहजीकरण गरीएको ।

५ जिल्ला भित्रका सवै स्थानीय तहका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरुसंग ४ वटा समन्वयात्मक बैठक सम्पन्न गरीएको ।

६ गुल्मी जिल्लामा ठूलो संख्यामा रहेका भारतीय पेन्सनरहरुले वर्षको २ पटक पेन्सन क्यामबाट नगदै पेन्सन बुझ्ने गरेका र करिब ६०० को संख्यामा पेन्सन प्राप्त गर्ने व्यक्तिहरुको डकुमेन्टस नमिलेका कारणले समस्याग्रस्त भएकोमा त्यस्ता व्यक्तिहरुको आधिकारीक कागजातहरु प्रमाणित गरिनुका साथै पेन्सन बुझ्ने प्रकृयालाई पनि बैंकिङ्ग प्रणालीमा आवद्धता गरिएकाले समग्र पेन्सनरहरुको समस्या समाधानमा सहजीकरण गरी व्यवस्थित बनाईएको ।

७ सेवा प्रवाहलाई छिटो छरितो र मितव्ययी बनाउन बाहिरी जिल्लाबाट प्राप्त गर्नुपर्ने अभिलेखहरुलाई सम्बन्धित जिल्लासँग समन्वय गरी फ्याक्स मार्फत तत्कालै उपलब्ध गराउने विषयमा सहजीकरण गरिएको ।

८ जिल्लास्थित सबै सरकारी कार्यालयहरुबाट सम्पादन हुने कामलाई व्यवस्थित र नागरीक मैत्री बनाउन हरेक महिनाको १ गते कार्यालय प्रमुखहरुको बैठकको माध्यमबाट सहजिकरण र समन्वय गर्ने गरिएको ।

९ वार्षिक रुपमा जिल्लामा संचालन हुने SEE परिक्षा, +2 परिक्षा, क्याम्पसस्तरीय परिक्षा र CTEVT बाट लिइने परिक्षालाई मर्यादीत बनाउन समन्वयात्मक भूमिका खेलिएको ।

१० लामो समयदेखी औषधी व्यवसायी तथा क्लिनिक संचालकहरुले बैधानिकताको प्रमाणपत्र समेत नलिई पेशो व्यवसाय संचालन गरेको पाइएकोले सो क्षेत्र जनताको स्वास्थ्यसँग प्रत्यक्ष प्रभाव राख्ने विषय भएकोले स्वास्थ्य सेवा विभागको विशेषज्ञ टोली सहित प्रशासन कार्यालयको नेतृत्वमा अनुगमन गरी सो क्षेत्रलाई थप व्यवस्थित बनाइएको ।

११ शान्ति सुरक्षा, सामाजिक विकास तथा विकास निर्माणको कार्यलाई संघीयताको मर्म अनुरुप तीनै तहको सरकारी निकायबीच समन्वय र सहकार्यको आवश्यकताको सन्दर्भमा ५ नं. प्रदेश सरकारसँग समन्वय स्थापीत गरी दैवी प्रकोपको राहत रकम, मृतक क्षतीपूर्ति, कारागार सुधार र विपद् व्यवस्थापनको विषयमा समन्वयात्मक ढंगबाट अगाडि बढिएको ।

## च. सदाचार र आर्थिक अनुशासन

१ भ्रष्टचारमा शून्य सहनशिलताको नीति अवलम्बन गरिएको र जिल्लास्थित कार्यालयका कर्मचारीहरुलाई नियमित बैठक तथा निर्देशनको माध्यमबाट अनुशिक्षण गर्ने गरिएको ।

२ कार्यालयमा प्राप्त अनियमितता वा भ्रष्टाचारसंग सम्बन्धित उजुरी समयमै फर्छ्यौट गर्ने गरिएको ।

३ जिन्सी निरिक्षण प्रतिवेदन बमोजिम काम नलाग्ने सामग्रीहरु लिलाम गर्ने कार्य गरेको ।

४ सरकारी सवारी साधनहरुको दुरुपयोग रोकी मितव्ययी बनाउन अनुमती प्रणाली लागू गरीएको ।

५ सदाचारयुक्त समाज निर्माण तथा शान्ति सुव्यवस्थाका लागि राजनीतिक दल , जनप्रतिनिधि, नागरिक समाजसँग सहकार्य गर्दै १५ वटा बैठकहरु सम्पन्न गरिएको ।

६ भष्ट्राचारलाई सचेतना तथा निरोधात्मक हिसाबबाट निरुत्साहीत गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको समन्वयमा स्वतन्त्र नागरिक निगरानी संस्था गठन गरिएको ।

७ विप्लप समूहबाट हुनसक्ने चन्दा आतकंलाई निरुत्साहित गर्न स्थानीय तहका जनप्रतिनिधि , प्रमुख प्रशासकीय अधिकृतहरुलाई सजक बनाउँदै सुरक्षा निकायको समेत निगरानी बढाइएको ।

८ विकास निर्माण र सार्वजनिक खरिद प्रकृयालाई पारदर्शी र मितव्ययी बनाउन जिल्लास्थित स्थानीय तहका कर्मचारीहरुलाई सार्वजनिक खरिद अनुगमन कार्यालयको समन्वयमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको ।

९ भ्रष्टाचारविरुद्धको अन्तराष्ट्रिय दिवसको अवसरमा "भ्रष्टचार न्यूनीकरणमा सरोकारवालाहरुको भूमिका" सम्बन्धमा 9th December 2018 (२०७५ मंसिर २३) प्रजिअबाट कार्यपत्र प्रस्तुत गरीनुका साथै कार्यपत्र माथी सरोकारवालाबीच छलफल भई भ्रष्टचार न्यूनिकरणका लागि ६ बुँदे साझा प्रतिवद्धता व्यक्त गरिएको ।

१० आ.व. ०७५/०७६ को विनियोजित बजेट मध्ये पूँजिगत बजेट रु १५ ,३८,०००।- मध्ये रु ८४४.०१ बाँकी रही करिब शत् प्रतिशत खर्च भएको । गत आ.व.मा बेरुजु नरहेको ।

**यसको साथै,**

जिल्लामा केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त रकम हेर्दा करिब ८ अर्ब २५ करोड बजेट अख्तियारी विभिन्न ५५ भुक्तानी केन्द्रबाट खर्च गर्नेगरी प्राप्त भएको र खर्च तर्फ हेर्दा करिब ७ अर्ब बजेट खर्च भएको देखिन्छ । बजेट खर्चलाई चालु र पूँजीगत तर्फ विभाजन गर्दा विनियोजित रकम मध्ये चालु तर्फ करिब ५ अर्ब (९५ %) र पूँजीगत तर्फ करिब २ अर्ब (६५ %) खर्च भएको देखिन्छ । यसरी हेर्दा स्थानीय तहको आफ्नो आन्तरिक बजेट र प्रदेश तथा संघीयस्तरका बाहिरी जिल्लामा मुकाम भएका कार्यालयहरुले गरेको खर्चलाई नसमेटदा यस जिल्लामा २ अर्ब बराबरको विकासात्मक कार्य भएको देखिन्छ ।

सुशासन र सेवाप्रवाहतर्फ हेर्दा यस कार्यालयबाट करिब ३० ,००० (तीस हजार) इकाई परिमाणमा कार्य सम्पन्न भएकोमा १ वर्षको ३६५ दिनमध्ये कार्यालय खुलेको दिन करिब ३०० दिन हुँदा प्रतिदिन १०० युनिटको कार्य सम्पन्न भएको पाइयो । सहायता कक्ष संचालन, विचौलियाहरुको प्रवेश निशेष, कार्यालयबाटै हुलाक टिकटको व्यवस्था, MRP फाराम र फोटोको निश्चित मूल्य निर्धारण, कार्यालय भित्रैबाट बाहिर जिल्लाका अभिलेख झिकाउने व्यवस्था, दुर दराजलाई लक्षित गरी ७ वटा एकीकृत घुम्ति सेवा संचालन, कार्यालयको कार्यवातावरणमा सुधार गरी सेवाप्रवाह गर्दा सेवाको प्रभावकारीता र नागरिक सन्तुष्टीमा वृद्धी हुनगई सेवाग्राहीको १ वर्षमा करिब **२ करोड** रुपैयाँ बराबरको रकम बचत भएको पाइयो । यसैले यस वर्ष जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएको सेवा **मितव्ययी सेवाको** रुपमा रहन गयो ।

सामाजिक क्षेत्रलाई नियाल्दा यस आ.व.मा १२३ जना व्यक्तिको मृत्यु भई मानवीय क्षती भएको देखियो । जसमा झुण्डिएर आत्महत्या-४०, भवितव्य ज्यान-३४ र सडक दुर्घटनाबाट मृत्यु हुने-१९ जना मुख्य रुपमा रहे । मुद्धा फर्छौट ९७ , जनगुनासो सम्बोधन (हेलो सरकार-१२, सामाजिक सन्जाल-४५, प्रजिअ-१८४) - २४१ वटा भई समय भित्रै मुद्धा तथा गुनासो सम्बोधन गर्न सकिएको अवस्था रह्यो । अपराधको जगमा मदिरा देखिएकोले यसको नियन्त्रणको लागि सचेतनात्मक प्रबधनात्मक र दण्डात्मक तीनै किसिमका रणनैतिक योजना सबै स्थानीय तहसम्म पुगेकोले यसको प्रयोगको मात्रा घट्दो अवस्थामा छ ।

**अन्त्यमा,**

सेवाको प्रभावकारीताको लागि सेवा लिने र दिने दुवैको समान भूमिका रहन्छ । यसैले आम नागरिकलाई सेवाप्रति सुसुचित बनाउनु पर्ने टड्कारो अवस्था देखिन्छ । यसको साथै विकास प्रशासनलाई प्रभावकारी बनाउन निर्माण व्यवसायलाई व्यवस्थित गर्नुपर्ने खाँचो मात्र नभई ढिलासुस्ती तथा भ्रष्टचारजन्य गतिविधिलाई नैतिकताको विषयवस्तु बनाइनु पर्ने देखिन्छ । आर्थिक र भौतिक विकासको आधारसिला खडा भएपनि सामाजिक विकासको पाटो पछि परेको छ । स्थानीय तहबाट हुनुपर्ने समन्वयको पक्ष कमजोर देखिएको छ । विभिन्न सेवासँग सेवाप्रवाह तथा विकासात्मक कार्यमा अझैपनि विचौलियाहरुको साठगाँठ छ । बजार संयन्त्रलाई नाफामूखी मात्र नभई सामाजिक उत्तरदायित्वमा समेत जिम्मेवार बनाउनु पर्ने देखिन्छ । गैर सरकारी संस्थाको काम कारवाहीलाई सरकारको लक्ष्य उद्देश्यसँग तादम्यता मिलाई थप पारदर्शी बनाउनु पर्ने छ । यिनै विषयलाई जिल्लाको प्रशासनले भावि कार्यदिशाको रुपमा लिएको छ । **विगतको १ वर्ष सुशासनको आधारशिला खडा गर्ने वर्षको रुपमा वितेकोले अबको वर्ष सुशासन प्राप्तिको कार्यान्वयन वर्षको रुपमा रुपान्तरण गर्ने लक्ष्य राखिएको छ** । यी लक्ष्य प्राप्ति गर्न सकेमा मात्र "नतिजामूखी प्रशासन : समृद्धि र सुशासन" भन्ने निजामती सेवाको नाराले सार्थकता पाउन सक्छ । सबै पक्ष र क्षेत्रबाट सहयोग प्राप्त भएकोले थोरै भएपनि आम नागरिकले सुशासनको अनुभूती गरेको महसुस जिल्ला प्रशासन कार्यालयले गरेको छ । आगामी दिनमा पनि यस्तै सकारात्मक सहयोगको अपेक्षा राखिएको छ ।

धन्यवाद ।

(यदुनाथ पौडेल)
प्रमुख जिल्ला अधिकारी गुल्मी

# यस कार्यालयबाट सम्पादन भएका मुख्य कृयाकलापहरुको विवरण

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | नागरिकता वितरण | १५८३० | वंशज ११,१२२, वै.अ. १५ नावालक प.प. ५९९ परित्याग ३ |
| २ | राहदानी सिफारिस | ६९२८ | |
| ३ | विभिन्न सिफारिस / प्रमाणित | ३७९२ | |
| ४ | संस्था दर्ता / नविकरण | ४६ / १५६ | |
| ५ | हातहतियार नविकरण | ६१ | |
| ६ | सामाजिक संजाल /वेभसाईट अध्यावधिक | १३७ / ४३ | |
| ७ | मुद्दा दर्ता / फर्छौट | १०६ /९६ | अभद्र व्यवहार, भ्रष्टाचार लगायत |
| ८ | विपद् राहत | ६१ परिवार | ४ लाख २७ हजार ५ सय |
| ९ | मृतक क्षतिपूर्ति | ५ जना | १० लाख (प्रदेश समेत) |
| १० | सहायताकक्षबाट सेवालिने संख्या | ७३५९ | |

# यस कार्यालयबाट सम्पादन भएका मुख्य कृयाकलापहरुको विवरण

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| ११. | द्वन्द्व पीडितलाई राहत | १६ जना | रकम रु ५२ लाख |
| १२. | CC TV जडान अनुमती / ड्रोन | २५ / १ | |
| १३. | विशिष्ट व्यक्तिको भ्रमण | ४३ | |
| १४. | विभिन्न बैठकहरु | ७५ | शा.सु. लगायत |
| १५. | अपराधिक घटना / अ. प्रकाउ | १३३ / ७० | |
| १६. | गुनासो फर्छौट | १०६ | |
| १७. | बजार अनुगमन / कारवाही | २६२ / ६४ | वटा |
| १८. | सडक दुर्घटना / मृत्यु / घाईते | २९/ १९ / ३२ | |
| १९ | एकीकृत घुम्ती सेवा / सार्वजनिक सुनुवाई | ७ स्थान | |
| २० | प्रजिअ को पहलमा समस्या समाधान | १८४ | |

# यस कार्यालयबाट सम्पादन भएका मुख्य कृयाकलापहरुको विवरण

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| २१. | ट्राफिक नियम उल्लङ्घन | ६३८८ जना | ३९ लाख ४२ हजार जरिवाना मापसे लगायत |
| २२. | मानवीय क्षती | १२३ | झुण्डिएर आ.ह. ४० |
| २३. | राजश्व असुली | २,६२,८१,०००। | |

# सेवाग्राहीको बचत भएको रकमको विवरण

| सि.नं. | विवरण | सेवा प्रवाह | सेवाग्राहीको बचत रकम |
|---|---|---|---|
| १ | घुम्ति शिविर संचालन | २,४०० जना | १ करोड ३१ लाख |
| २. | MRP फोटो + फाराम | ६,९२८ जना | २१ लाख |
| ३ | सहायकता कक्षबाट निवेदन लेखन | ७,३५९ जना | ३८ लाख |
| ४ | बेजिल्ला अभिलेख प्रमाणित | ३०८४ प्रति | १८ लाख |
| ५. | हुलाक टिकट | २०,००० प्रति | १ लाख |
| | कुल जम्मा | | २ करोड |

# केही कृयाकलापहरुको झलक


एकीकृत घुम्ती सेवा



BUDDHAVUMI.COM

**गुल्मीका ७ स्थानमा घुम्ती शिबिर २ हजार वढि नागरिता बितरण ।|**
**Buddhavumi News**




कालिगण्डकी गा.पा. मा संचालन भएको एकीकृत घुम्ती सेवामा १०१ वर्षिय पविदेवी थापालाई नेपाली नागरिकता प्रदान गरिदै

**जिल्ला प्रशासन कार्यालय गुल्मी** is with Laxman Pandey and 2 others.

January 14 ·

गृह मन्त्रालयका सचिव श्री प्रेमकुमार राईज्यू र गुल्मी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री यदुनाथ पौडेलज्यू बीच आज मिति 2075 पौष 30 गते मन्त्रालयका सहसचिव श्री महादेव पन्तज्यूको समुपस्थितिमा कार्य सम्पादन सम्झौतामा हस्ताक्षर गर्दाको एक झलक












एकीकृत घुम्ति शिविरमा नागरिकहरु



एकीकृत घुम्ति शिविरमा रात्रिकालिन समयसम्म सेवारत




मानननीय परपरराष्ट्र मन्त्री श्री प्रदीप कुमार ज्ञवालीज्यूसँग प्रजिअ लगायत जिल्लास्थित कार्यालय प्रमुखहरु





मानननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री गोकर्णराज विष्टज्यूसँग प्रजिअ लगायत जिल्लास्थित कार्यालय प्रमुखहरु





समितिको संयुक्त बैठक । दुई जिल्लाको सीमामा हुन सक्ने आपराधिक गतिविधि नियन्त्रण गर्ने, स्वामीजनीबको लेनदेन तथा आपसी झैंझगडालगायत विषयमा सहकार्य गरेर समाधान निकाल्ने, दुर्घटना म
अर्घाखाँचीको नरपानीमा सोमबार बसेको बैठकले गरेको छ ।



कार्यालय प्रमुखहरुको बैठक



कार्यालय प्रमुखहरुको बैठक



सदरमुकाम तम्घासमा CCTV जडान सम्बन्धमा वित्तिय संस्थाहरुसँगको छलफल कार्यक्रम



सदरमुकाम तम्घासमा CCTV जडान सम्बन्धमा वित्तिय संस्थाहरुसँगको छलफल कार्यक्रम




नियमिति स्टाफ बैठक



नियमिति स्टाफ बैठक





GULMINEWS.COM

गाउँगाउँमा एकीकृत घुम्ती शिविर, सदरमुकाम आउजाउमा लाग्ने सेवाग्राहीको झण्डै १ करोड रुपैंया बच

**जिल्ला प्रशासन कार्यालय गुल्मी** is with Laxman Pandey and 7 others.

May 26 ·

... सातौं एकीकृत घुम्ती सेवा सम्पन्न ...

नागरिकको घरदैलोमा सरकारी सेवा पुऱ्याउने उद्देश्यअनुसार
जिल्ला प्रशासन कार्यालय गुल्मीको आयोजना र सत्यवती गाउँपालिकाको समन्वयमा एकीकृत घुम्ती सेवा 2076 जेठ ११-१३ गते साविकको जोहाङ्ग गाविसमा संचालन भएको थियो । उक्त घुम्ती सेवा मार्फत दुरदराजमा रहेका नागरिकहरुले सरकारको सेवा गाउँमै पाउदा अत्यन्तै खुसी व्यक्त गरेका थिए ।
सत्यवती गाउँपालिकाका अध्यक्ष श्री पारिश्वर ढकाल, लगायत गाउँपालिका परिवार, स्थानीय राजनैतिक दल, समाजसेवी, पत्रकार र आम जनत... See More





मदिरा बिक्री वितरण नियमन निर्देशिका २०६५ बमोजिम राजश्व नीतिका माध्यमद्धारा मदिराको बिक्री वितरणलाई नियमन गर्ने उदेश्यानुसार गुल्मी जिल्लाका कालिगण्डकी गाउँपालिका, चन्द्रकोट गाउँपालिका र मुसिकोट नगरपालिकाका मुख्य बजार क्षेत्रहरुमा निर्देशिका बमोजिम मदिराको बिक्री वितरण भए नभएको सम्बन्धमा अनुगमन गर्ने क्रममा



**जिल्ला प्रशासन कार्यालय गुल्मी** is with Laxman Pandey and 2 others.

May 10 ·

https://www.onlinekhabar.com/2019/05/764415...



ONLINEKHABAR.COM

**सुन्तलीलाई ७४ वर्षमा नागरिकता**

२५ वैशाख, गुल्मी । गुल्मीमा ७४ वर्षीया सुन्तलीले नागरिता पाएकी छन् । मालिका...

**जिल्ला प्रशासन कार्यालय गुल्मी** is with DB Khadka Neymar and 5 others.

April 17 ·

मिति 2076 साल बैशाख 4 गते प्रमुख जिल्ला अधिकारी श्री यदुनाथ पौडेलज्यूको संयोजकत्वमा सुरक्षा निकायका प्रमुख, गुल्मी उधोग बाणिज्य संघ, गुल्मी च्याम्बर अफ कमर्स, यातायात व्यवसायी, पत्रकार, नागरिक समाज समेतको उपस्थितिमा समसामयिक विषयमा छलफल गरी जिल्लामा शान्ति सुव्यवस्था भरपर्दो भएको हुँदा विभिन्न समूहहरूले आयोजना गर्ने बन्द लगायतका गैर संवैधानिक कृयाकलापहरु हुन नदिन सम्बन्धित सरोकारवालाहरूले आ-आफ्नो निकायबाट सहयोग गर्ने प्रतिबद्धता भएको ।









**जिल्ला प्रशासन कार्यालय गुल्मी** is with Laxman Pandey and 4 others.

November 21, 2018 ·

जिल्ला प्रशासन कार्यालय गुल्मीले २०७५ कार्तिक महिनामा सम्पादन गरेको कार्यहरुको प्रगती विवरण । हजुरहरुको अमूल्य सुझावको अपेक्षामा छौं ।



**जिल्ला प्रशासन कार्यालय गुल्मी** is with Laxman Pandey and 5 others.

October 12, 2018 ·

2075 असोज 25 गतेको अनुगमन

प्रमुख जिल्ला अधिकारी श्री यदुनाथ पौडेलज्यूको निर्देशनमा प्रशासकीय अधिकृत श्री लक्ष्मण पाण्डेको नेतृत्वमा ना.सु. श्री जयश्वर पन्थी, तुल्सीराम न्यौपाने, नवीन पन्थी, क.अ. कृष्ण पन्थी, युवराज बस्नेत, सुरक्षा निकाय, जनप्रतिनिधि, सर्वसाधारण उपभोक्ता समेतको संयुक्त अनुगमन टोलिबाट गुल्मी जिल्लाको मालिका गाउँपालिकाको मर्भुङ्ग सिमलटारी बजार, अर्जैको फुलबारी बजार, इश्माको बुल्म बजार, धुर्कोटको वाग्ला ढानेटा बजार, मदानेको पुर्कोटदह बजारको अनुगमन गर्दा म्या... See More











**जिल्ला प्रशासन कार्यालय गुल्मी**

October 1, 2018 ·

कार्यालयमा रहेका फाईलहरुलाई Computer System संगै व्यवस्थित गर्ने क्रममा कार्यालयका कर्मचारी साथीहरू

